प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल
विज्ञान वातावरण तथा जलवायु परिवर्तन महाशाखा
फोन : ०५७-५२५६१७

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश सरकार प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :- ०७५/७६
चलानी नं. :- ५८

मितिः २०७५/११/२९

विषयः निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री घरेलु तथा साना उद्योग कार्यालय
चितवन /मकवानपुर /काठमाण्डौं /ललितपुर /भक्तपुर /काभ्रेपलान्चोक
श्री घरेलु तथा साना उद्योग विकास समिति
रामेछाप/ सिन्धुली /सिन्धुपाल्चोक/रसुवा /नुवाकोट/धादिङ्ग /दोलखा
प्रदेश नं. ३ ।

उपर्युक्त सम्वन्धमा नेपाल सरकार वन तथा वातावरण मन्त्रालयको च.नं ७२७ मिति २०७५/१०/०८ को पत्रवाट वातावरण संरक्षण ऐन २०५३ तथा ऐ नियमावली २०५४ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणिय प्रभाव मुल्याङ्कन ,पुरक वातावरणिय प्रभाव मुल्याङ्कन र वातावरीय योजना तयार पार्न संलग्न हुने परामर्शदाताहरुको योग्यता तथा अनुभवहरुको सम्वन्धमा उक्त मन्त्रालयको निर्णयको कार्यान्वयनको लागि छाया प्रति यसैसाथ संलग्न राखी आवाश्यक कार्यान्यिनको लागि तहाँ पठाइएको व्यहोरा नेपाल सरकार (सचिवस्तर)को मिति २०७५/१०/१४ को निर्णयानुसार अनुरोध गरिन्छ भनी नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयको च.नं २०० मिति २०७५/१०/१५ को पत्रवाट लेखी आएकोले उक्त निर्णय कार्यान्वयनको लागि आदेश अनुसार अनुरोध छ ।

खिलानाथ दाहाल
सदस्य सचिव
IEE समिति, शाखा अधिकृत (प्रा.)

बोधार्थः
माननीय मन्त्री ज्यू, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३ ।
श्रीमान् सचिव ज्यू, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३ ।

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

वातावरण तथा जैविक विविधता महाशाखा

वा.प्र.अ.शा.-२२२-२०७५/०७६

पत्र संख्याः-
चलानी नं. 626
प्राप्त पत्र संख्या र मितिः-

मिति : २०७५/१०/०८

विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ को पालना गराउन सोही ऐनको दफा ५ र दफा ६ मा भएका व्यवस्थाहरु अनुसार वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३, ४, ५, ६, ७, १० र ११ अनुसारका प्रक्रियाहरु पालना गरी प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन, पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन र वातावरणीय व्यवस्थापन योजना तयार पार्न संलग्न हुन पाउने परामर्शदाताहरुको योग्यता तथा अनुभवहरुको सम्बन्धमा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ मा व्यवस्था नभएकोले प्रतिवेदनहरुको स्तरीयता कायम गर्न वातावरणीय अध्ययनमा संलग्न हुने परामर्शदाताहरुको योग्यता देहाय अनुसार हुनु पर्ने नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको मा. मन्त्रीस्तरको मिति २०७५/१०/०४ मा निर्णय भएकोले कार्यान्वयनको लागि प्रेषित गरिएको व्यहोरा अनुरोध गर्दछु ।

१. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन वा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन वा वातावरणीय व्यवस्थापन योजना तयार पार्ने कार्यमा संलग्न हुने परामर्शदाताहरु मध्ये नेतृत्वकर्ताको रुपमा कार्य गर्ने व्यक्ती प्रस्तावसंग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर गरेको वा वातावरण विषयमा कम्तीमा स्नातकोत्तर गरेको हुनु पर्नेछ ।

२. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन वा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन वा वातावरणीय व्यवस्थापन योजना तयार पार्ने कार्यमा संलग्न परामर्शदाताहरु देहाय अनुसारको हुनु पर्नेछ ।

| | | |
|---|---|---|
| क. | भौतिक वातावरण विज्ञ | प्रस्तावसंग सम्बन्धित विषयमा कम्तिमा स्नातक गरेको हुनु पर्नेछ । |
| ख. | सामाजिक वातावरण विज्ञ | समाजशास्त्र/मानवशास्त्र विषयमा कम्तिमा स्नातक गरेको हुनु पर्नेछ । |
| ग. | जैविक वातावरण विज्ञ | वनस्पति विज्ञान/जिव विज्ञान/वन विज्ञान विषयमा कम्तिमा स्नातक गरेको हुनु पर्नेछ । |
| घ. | अन्य विज्ञ | प्रस्तावनाको विषय र आवश्यकता अनुसार रसायन विज्ञान, फार्मेसी, मेडिकल, मेकानिकल, कानून आदी अन्य आवश्यकता अनुसारको विषयमा कम्तिमा स्नातक गरेको हुनु पर्नेछ । |

३. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन वा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन वा

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिहंदरबार, काठमाण्डौ

सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी नं. 626
प्राप्त पत्र संख्या र मितिः-

प्रयोजनको लागि सहभागी गराईएका गणक (Data Collector) हरु सम्बन्धित विषयको कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सहरको योग्यता भएको हुनु पर्नेछ ।

४. यसरी माथि उल्लेख भए अनुसारको परामर्शदाताहरु/गणकहरुको नामावली, निजहरुको संलग्नता भएको स्व-घोषणापत्र (Declaration), वैयक्तिक विवरण (Curriculum Vitae) र अध्ययनको प्रमाणपत्रको प्रतिलिपिहरु क्षेत्र निर्धारण प्रतिवेदनको अनुसूचिमा संलग्न राखी पेश गर्नु पर्नेछ ।

२०७६।१०।१०

(सुभाष कुमार शर्मा)
सहायक वन अधिकृत